# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 20 No 3 Monthly International Edition of Herald of His Coming March 2019

वर्ष २०, अङ्क ३ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (चैत, २०७५)


# ईश्वरीय मानिसको चिन्हहरू

## Marks of a Godly Man

**By Thomas Watson**

Vol 17 No 5 (917)

जसले परमेश्वरलाई विश्वास गर्छ परमेश्वर त्यसकै हुन्छ र उस्ले उहाँको असलको निम्ति काम गरेको हुन्छ र परमेश्वरको इच्छा अनुसार जीउने कोशिष गरेको हुन्छ । विश्वास जीवित सिद्धान्त हो । विश्वासी जीवनको अगाडि शैतान हारिसकेको छ । उसको प्रार्थना उसको निम्ति श्वास प्रश्वास हो । उसको विश्वास उसका प्रार्थना हो । "विश्वासको प्रार्थनाले विरामीलाई बचाउने छ... त्यसलाई क्षमा हुनेछ ।" (याकूब ५ : १५) उसको आज्ञाकारीता विश्वासको परिणाम हो । (रोमी १६ : २६) एउटा ईश्वरिय मानिस येशू ख्रीष्टमा विश्वास गरेर जीउँदछ । "म ख्रीष्टसँग क्रूसमा टाँगिएको छ, अब उप्रान्त जीउने म होइन तर ख्रीष्ट ममा जीउनु हुन्छ । जुन जीवन शरीरमा म अहिले जीउँछु त्यो परमेश्वरको पुत्रमा विश्वास गरेर जीउँछ जसले मलाई प्रेम गर्नु भयो र मेरो निम्ती आफूलाई अर्पण गर्नुभयो ।" (गलाती २ : २०)

**ईश्वरीय मानिस पापको विरुद्धमा हुन्छ-** ईश्वरीय मानिस आफैले आफैलाई पापसँग संझौता गर्न सक्दैनन् दुवै कुरामा उद्देश्यमा पनि र त्यसमा भाग लिएर पनि । उनीहरू संपूर्ण प्रकारका पापलाई घृणा गर्दछन् "सबै प्रकारका खराबीबाट अलग वस" (१ थोलानिकी ५ :२२) शैतानका हरेक व्यक्तिहरूलाई असल ख्रीष्टियनले विरोध गर्दछन् । हामीले कहिलेकाही आफैले पाप गरेका हुन्छौ साथै भाईको विरुद्धमा पनि पाप गर्न पुगेका हुन्छौ जसले उसलाई चोट पुग्न सक्छ त्यस समयमा याद गर्नु पर्छ । तर ईश्वरीय मानिसले आफ्नो पापलाई पनि स्वीकार गर्दछ र अरूको पापलाई क्षमा दिन्छ । इश्वरीय मानिसले ख्रीष्टले बाइबलमा देखाएका सबै उदाहरणलाई पच्छ्याउने कोशिस गर्दछ ।

परमेश्वरको वचनलाई प्रेम गर्दछ ईश्वरीय मानिसले परमेश्वरको वचनलाई प्रेम गर्दछ । त्यस अनुसार वाटो देखाउँदछ । निम्न बुँदाहरू अझ हामीलाई प्रष्ट वनाउँदछ ।

**(१) परमेश्वरको वचनलाई मेहनतका साथ पढेर-** परमेश्वरको डर मान्ने व्यक्तिले उहाँको वचनलाई एकदम ध्यानसँग पढ्दछ । "यहाँका यहूदीहरू थेसलोनिकिकाहरू भन्दा बढी भला थिए किनभने यिनहरूले पूरा उत्सकुताका साथ वचन ग्रहण गरेर ती कुराहरू ठिकै त्यस्तै हुन कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानविन गर्थे ।" (प्रेरित १७ : ११) प्रेरित अपोल्लोस नाउका एक जना यहुदी धर्मशास्त्रमा पोख्त थिए । (प्रेरित १८ :१४) इश्वरीय मानिसको हृदय परमेश्वरको वचन पक्रिराख्न सक्ने हुन्छ यसले उसको जीवनमा काम गरिरहेको हुन्छ । (कलस्सी ३ :१६) परमेश्वरको वचनले सिकाउँछ पनि र न्याय पनि गर्छ । जो परमेश्वरको वचनद्वारा चलाइएको हुँदैन त्यो परमेश्वरको वचनद्वारै न्यायमा पर्नेछ । त्यसैले हामीले परमेश्वरको वचनलाई आफ्नो दैनिक भोजन वनाओ । वचनलाई आफ्नो जीवन दिनदिन प्रयोग ल्याउँछौं ।

**(२) परमेश्वरको वचनमा घरिघरि ध्यान गरेर-** "आहो ! तपाईंको व्यवस्थालाई

म कति प्रेम गर्दछु ! दिनभरि म तिनै माथि मनन गर्दछु ।" (भजन संग्रह ११९: ९७) धार्मिक मानिसले जहिले पनि परमेश्वरको वचनको मनन गर्दछ । उसले जीवनको हरेक क्षणमा सत्य र पवित्र वचनको ध्यान गर्दछ । उ त्यो वाटो मात्र हिँड्ने होइन उसले परमेश्वरको वचनबाटनै जीँउदछ । परमेश्वरको वचनमा ध्यान दिएर मात्र जसरी भमराले फुलवाट रस चुसेर आफ्नो इच्छा पूरा गर्छ । त्यसरी नै उसले पनि परमेश्वरको वचनको रस जीवनमा चुस्न सक्छ र जविन फलदायीक वनाउन सक्छ ।

**(३) परमेश्वरको वचनमा खुसी रहेर -** बाइबलले यसरी भन्दछ "जब तपाईंका वचनहरू आए ती मैले खाएँ ती मलाई रमाहट र मेरो हृदयलाई आनन्द दिने कुरा भए किनकि तपाईंको नाउँले म कहलाइन्छु, हे सर्वशक्तिमान परमप्रभु परमेश्वर (यर्मिया १५ : १६) परमेश्वरको प्रेमलाई मानिसले प्रशन्नसँग उहाँको वचनलाई ग्रहण गरेका छन् । त्यसैले मानिसलाई शैतानले परमेश्वरको वचनभन्दा संसारको मोजमज्जामा ध्यान लगाउनलाई जोडदिदछ । उसले मानिसका सबै भित्री आशाहरूलाई भरिदिन्छ र मानिसलाई निराशा तिर लैजान्छ । त्यसकारण जो मानिसले परमेश्वरको वचनलाई प्रशस्तसँग ग्रहण गर्दछ र आफ्नो जीवनमा प्रयोगमा ल्याउँदछ त्यो मानिसलाई परमेश्वरले प्रशस्त आशिष दिनुहुन्छ ।

**(४) परमेश्वरको वचनलाई आफ्नो हृदयमा लुकाएर राखेर -** भजनसंग्रह को पुस्तकमा दाउदले यसरी भन्दछन् "तपाईंको विरुद्धमा पाप नगरु भनेर तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु ।" (भजन संग्रह ११९ : ११) एउटा ईश्वरीय मानिसले सधैं परमेश्वरको वचनलाई कष्ठ गरेर आफ्नो हृदयमा राखेको हुन्छ । जब जीवनको दौडानमा पाप गर्न पुगिन्छ त्यो मानिससँग परमेश्वरको वचन भएको कारण परीक्षामा पर्न देखी उ बचेको हुन्छ । किन दाउदले परमेश्वरको वचन मेरो हृदयमा सुरक्षीत राखेको छ भन्दछन् त ? किनकी "उहाँको विरुद्धमा पाप नगरु भनेर । एउटा ईश्वरीय मानिस जससँग परमेश्वरको वचन छ त्यसले जब परीक्षा आउछ नी समयमा जसरी खीष्टलाई शैतानले परीक्षालिदा येशूले परमेश्वरको वचन प्रयोग गरेर शैतानलाई हर्कानु भयो र त्यो भागिगयो त्यसरी नै परमेश्वरको वचन भएको मानिस विजयी हुन सक्छ । जुनचाँहि उसको निम्ति एक प्रकारको विषालु सापको विष जस्तै थियो त्यसलाई मारेर सरल र सहज जीवन विताउन सक्छ ।

**(५) परमेश्वरको वचन अतिनै महत्वपूर्ण छ भनेर लिएर -** ईश्वरीय मानिसले हरेक कुरा परमेश्वरबाटको भएको हो र यो अति नै महत्वपूर्ण छ भनेर लिन सक्नु पर्छ । अय्यूबले यसरी भन्दछन्, "उहाँको मुखबाट निस्केको आज्ञालाई म इन्कार गर्दिन, मेरो दैनिक भोजन भन्दा उहाँले भन्नुभएको कुरा मैले हृदयमा धेरै सञ्चय गरिराखेको छु ।" (अय्यूव २३ :१२) भजनसंग्रहको पुस्तकमा दाउदले पनि यसरी भन्दछन् "तपाईंका मुखबाट निस्केको व्यवस्था मेरो निम्ति सुन र चाँदीका हजारौ टुक्रा भन्दा मूल्यवान छ ।" (भजनसंग्रह ११९ : ७२) बाइबलमा हामीले यस्तो पनि पाउँछौं कि जब शाउलको फौजहरु गोलियतसँग हार्ने परिस्थितिमा थिए अनि दाउद त्यहाँ पुगेर म लडाईं गर्छु भने, त्यसपछि शाउलका अफिसरले उनलाई थुप्रै संसारका हातहतियार लगाईदिए तर उनले भने कि मलाई यो केही पनि हतियार चाहिँदैन परमप्रभु परमेश्वर मेरो साथमा हुनुहुन्छ जो मेरो साटोमा लडिदिनु हुन्छ । उनले विजय पनि प्राप्त गरे । त्यसैले संसारको थोकमा भन्दा परमेश्वरको वचनमा जसले वढी ध्यान दिन्छ त्यो नै ईश्वरीय मानिस हो र उ सधै सफल भई रहन्छ ।

**(६) परमेश्वरको वचनमा निर्धक भएर -** एक जना ईश्वरीय मानिसले आफ्नो मनमा निर्धक्क सँग आफ्नो काम परमेश्वरको वचन अनुसार गरेको छु भन्ने आशामा हुन्छ । उसको निम्ति परमेश्वरको वचन दिनरात एक नासको हुन्छ र उसले आफ्नो जीवनलाई एकनासले अगाडि वढाई रहेको हुन्छ । पावलले भने जस्तै उसले पनि भन्न सक्छ कि मैले यस पृथ्वीमा उत्तम लडाईं लडेको छु साथै म मेरो दौडलाई पुरा गरेको छु । मेरो विश्वासलाई वचाई राखेको छ । (२ कोरिन्थी ४ : ७)

**(७) परमेश्वरको वचनमा मनन गरेर र प्रार्थना गरेर -** एक जना ईश्वरीय मानिसले सधैं परमेश्वरको वचन पढ्छ मनन गर्छ र त्यसै अनुसारको प्रार्थना गर्दछ । "यसकारण हरेक भक्तजनले जबसम्म तपाईंलाई प्राप्त गर्न सकिन्त तपाईंमा प्रार्थना गरोस अनि दुःख कष्ट र उर्लेको भेलले त्यसलाई छुने छैन ।" ( भजनसंग्रह ३२ :६)

प्रार्थना स्वर्ग पुऱ्याउने एउटा बाटो हो । परमेश्वर आफ्नो आत्माद्वारा हाम्रो माझमा आउनुहुन्छ र हाम्रो प्रार्थनालाई उठाई हामीलाई स्वर्गसम्म

पुऱ्याउनु हुन्छ । एक जना इश्वरीय मानिस प्रार्थना विना वच्न सक्दैछ । जसरी एकजना मानिस सास नफेरेर वाँच्न सक्दैन । त्यस्तै एक जना ईश्वरीय मानिस पनि प्रार्थना विना वाँच्न सक्दैन एकजना मानिसलाई आत्मिक जीवनमा सधैंभरि जीवित रहन परमेश्वर सँगको प्रार्थना अति नै आवश्यक हुन्छ र उ प्रार्थना विना पानी विना छटपटाएको माछा जस्तै हुन्छ र उसले सधैं प्रार्थना खोजी रहेको हुन्छ । ईश्वरीय मानिसले दिनदिनै डाडामा गएर प्रार्थना गर्छ साथै उसको प्रार्थना शक्तिशाली हुन्छ । संसारको थोकहरूको निम्ति आफू खुल्ला हुनुभन्दा पहिले उसले इश्वरको निम्ति हृदय खुल्ला राख्दछ । उसको यदि पसल छ भने आफ्नो पसल खोल्नुभन्दा पहिले उसले ईश्वरसँग प्रार्थना गर्छ । यदि उसको ठूलो व्यापार छ भने, पहिले उसले प्रार्थना गरेर सुरु गर्छ । उसको हरेक काम सुरु गर्नु भन्दा पहिले परमेश्वरलाई पुकारेर सुरु गर्छ । ईश्वरीय मानिसले सबै थोकमा परमेश्वरलाई पहिलो स्थान दिन्छ । र परमेश्वरले उसलाई स्वर्गीय ढोका खोलेर प्रशस्त नअटाउने गरेर दिनु हुन्छ । 'आमेन'

**पवित्र हुनलाई वोलावट -** परमेश्वरले मानिसलाई पवित्र हुनलाई वोलाउनुभयो तर पवित्र हुने बाटो अप्ठयारो छ । त्यसैले येशूले भन्नुभयो, "साँघुरो ढोकाबाट भित्र पस, किनभने विनासमा पुऱ्याउने ढोका फराकिलो र वाटो सजिलो हुन्छ र यसबाट भित्र पस्नेहरू धेरै हुन्छन् । किनभने जीवनमा पुऱ्याउने ढोका साँगुरो हुन्छ र वाटो कठिन हुन्छ, जसले चाहिँ जीवनमा पुऱ्याउँदछ र त्यो भेट्टाउने थोरै नै हुन्छन् ।"(मत्ती ७ : १३-१४) यो खण्डमा येशू आफैले चेतावनी दिदै हुनुहुन्छ किनकि संसारमा थुप्रै ढोकाहरू छन् जुन अति नै सजिला छन् गरे पनि हुने नगरे पनि हुने कसैले केही नभन्ने कसैले दोषी नठहराउने, कुनै लक्ष छैन कुनै उद्देश्य छैन त्यस्तो ठाउँमा मानिसलाई सजिलो हुन्छ तर जीवन कहाँ पुग्छ उनीहरूलाई केही पत्तो हुँदैन तर वाइबलका आज्ञालाई पालन गर्न गाह्रो छ तर यसले उद्देश्य बोकेको हुन्छ र ठिक लक्ष सम्म पुग्नलाई मद्दत गर्दछ ।

त्यसबाट हामी परमेश्वरको बोलवाट अनुसारको पवित्र जीवन जीउन सक्छौ । जुन जीवन येशूले कल्वरीमा आफ्नो प्राण अर्पण गरेर पाउनु भयो । त्यसैले हामी पवित्र हुनको निम्ति अति नै महत्वपूर्ण प्रकारले वोलाइएका हौ । परमेश्वरले हामीलाई हाम्रो देश साथै संसारमा रहेका हरेक स्थानमा सन्त हुनलाई वोलाउनु भएको छ (कोरिन्थी १ :२) त्यो पनि जस्तो परमेश्वर पवित्र हुनुहुन्छ त्यस्तै पवित्र हुनलाई हो (१ पत्रुस १:१६) येशूखीष्टको रगतद्वारा छुटकारा पाएकाहरू सित्तैमा किनिएकाहरू (१ कोरिन्थी६:१९- २०) शरीरले हामीलाई सन्तहुनलाई वाधा ल्याउँदछ, र हाम्रा इच्छाले परमेश्वरको वोलावटलाई पुरा गर्न वाधा ल्याउँदछ ।

हामी सबैले विचार गर्नुपर्ने कुरा कोही पनि परमेश्वरको वरावरीमा पुग्नलाई ह्मम्रो बलले कोशिसले सक्दैनौं तर पवित्र आत्माको शक्तिमा त्यो पुरा गर्न सक्छौ । हामीले एफिसीको पुस्तकमा पाउँदछौ कि "किनकी हामी असल कामहरूका निम्ति खीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं । हामी ती बमोजिम हिडौं भन्ने हेतुले परमेश्वरले पहिलेवाटै ति तयार गर्नुभएको थियो ।" (एफिसी २:१०) त्यस्तै "किनकि तिमीहरूलाई उहाँको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ ।" (फिलिप्पी २ :१३) हाम्रो आशा खीष्ट योशूमा छ । "परमेश्वर नै खीष्ट येशूमा तिमीहरूका जीवनका स्रोत हुनुहुन्छ, खीष्टलाई नै उहाँले हाम्रो वुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार वनाउनुभयो ।" (१ कोरिन्थी १ : ३) यस्तो किसिमको वोलावटले हामीलाई विशेष चुनौतिदिएको हुन्छ । "कोही म पछि आउने इच्छ गर्छ भने त्यसले आफूलाई इन्कार गरोस् र दिनहुँ आफ्नो क्रूस वोकेर मेरो पछि लागोस् ।" (लुका ९ :२३) कि हामी परमेश्वरलाई प्रेम गर्नु पर्छ वा संसारलाई दुवैतिर इच्छा राख्न सक्दैनौ । (१ यहून्ना २ :१५ - १६) परमेश्वरको प्रेम ईर्ष्या, प्रकारले प्रकट हुँदैन तर यसले नम्रता धार्मिकता पवित्रातिर लैजान्छ । हामी पापबाट मुक्त भएकोमा रमाउनुपर्छ (हिब्रू १२ : ५-११)"म विचार गर्छु कि, हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन ।"(रोमी ८ :१८० "येशू खीष्टमा परमेश्वरको स्वर्गीय वोलावटमा पाइने पुरस्कारको निम्ती निशानतिर म जोडसँग अगि बढछु (फिलिप्पी ३ :१४)

**नियमित बाइबल पढ्ने बानी बसालौं**

# ख्रीष्टमा आज्ञाकारीता

## The Obdience of Christ

By Andrew Murray

Vol 77 No 5 (917)

परमेश्वरको वचनले हामीलाई राम्रो सँग सिकाउँदछ कि परमेश्वरमा जब मानिसहरू अनाज्ञाकारी बन्छ उ पापमा फस्दछ र परमेश्वरको महिमाबाट टाढा हुन्छ। "किनकि जसरी एउटै मानिसको अनाज्ञाकारीताले धेरै जना पापी वनाइए, त्यसैगरि एकै जनाको आज्ञकारीताद्वारा धेरै जना धार्मिक वनाइने छन्।" (रोमी ५ :१९) यी शब्दहरूले हामीलाई ख्रीष्टको प्रतिज्ञाको वारेमा बोल्दछ। एकजना आदमको कारणले हामी सबै पापमा फस्यौ र एकै जना ख्रीष्टको कारणले हामी पापवाट मुक्त हुन सक्छौं। यी कुराले आदमले जस्तै आज्ञाको उल्लङ्घन गर्दा पापतिर र येशूले जस्तै आज्ञाकारीवन्दा धार्मिकतातिर लैजान्छ।

परमेश्वरले स्वर्गमा आदमलाई आज्ञाकारीताको वारेमा सोध्नुहुनेछ उहाँले सोध्नुहुन्छ- सबैतिरै थियो त्यसमा मैले तलाई रमाउन उपभोग गर्न दिएको थिए सबै आशिषमय थियो। त्यहाँ पाप पनि सँगसँगै आयो। त्यो सबै पापको जड चाँहि अनाज्ञाकारीता थियो। पापको विउ हामीले आदमको अनाज्ञाकारीताबाट प्राप्त गऱ्यौं। हामी अनाज्ञाकारीतामा जन्म लियौ। येशूले यो अनाज्ञाकारीताको विउलाई जरै देखी उखेल्नको निम्ति यससंसारमा आउनुभयो। पापको जरा नै अनाज्ञाकारिता हो। पहिलो शैतानिक जरो जसले मुक्तीमा आँच ल्याउँदछ त्यसलाई नै सिध्याउन उहाँ आउनु भयो र अव मानिसहरूलाई आज्ञाकारिताको वाटो देखाउनु भयो। कसरी येशूले यो गर्नु भयो ? - पहिलो कुरा उहाँ दोस्रो आदम बनेर आउनु भयो र पहिलाको विग्रेको सम्बन्धलाई उल्टा बनाई सम्बन्ध सुर्धानु भयो। पापले परमेश्वरको इच्छामा काम गर्नलाई वाधा ल्याउने बन्धनलाई भच्चाउनु भयो। येशूले आफै उदाहरण बनेर स्वर्गीय आशिष पाउन कसरी आज्ञाकारी वन्नु पर्छ भन्ने देखाउनु भयो।

जब ख्रीष्टले उहाँको धार्मिकताको वस्त्र पहिरनलाई दिनुभएको छ, हामी थाहा छ यो अति नै सुन्दर सुद्ध छ, त्यो आज्ञाकारी जीवन। ख्रीष्टले त्यो वस्त्र आफूले लगाएर हामीलाई पनि कसरी लगाउने भनेर सिकाउनु भयो। साथै कसरी परमेश्वरको राज्यमा प्रवेश गर्न सकिन्छ देखाउनु भयो। हाम्रा सबै पापमा विजयी बनाउन ख्रीष्ट आउनु भयो। आदमको सबै अनाज्ञाकारीताद्वारा जन्मेको पापलाई येशू ख्रीष्टले परमेश्वरमा आज्ञकारी बनेर उहाँको शक्तिद्वारा पाप माथी विजयी हुनुभयो। ख्रीष्टले ३ प्रकारले हामीलाई आज्ञाकारिताको प्रमाण छोड्नुभयो-

(१) सत्य आज्ञाकारीता के हो भन्ने उदाहरण देखाएर
(२) पत्यारिलो आज्ञाकारीताले पूर्ण रूपमा धार्मिकता पहिऱ्याएर
(३) सु-समाचार प्रचार गर्नुको निम्ति हाम्रो निम्ति शीर बनेर

यी सर्ब हेर्दा पनि ख्रीष्टले हाम्रो निम्ति आफूलाई मृत्यूसम्मै सुम्पिनु भयो र आज्ञाकारी बन्नुभयो जसले गर्दा आज हामी पापबाट मुक्त हुने उपय पाएका छौं।

**आज्ञाकारिता मुक्ति हो -** जुन कुरा मैले ख्रीष्ट येशूमा पाए त्यो म अरूले पनि पाउन भन्ने इच्छा राख्दछु। आज्ञाकारीता धार्मिकताको सबैभन्दा महत्वपूर्ण पाटो हो। आज्ञाकारीता मुक्ति हो। उहाँको आज्ञाकारीताले गर्दा मेरो जीवनमा मैले गर्नु पर्ने सबै कार्यलाई वृद्धि बनाएको छ। म उहाँलाई ग्रहण गर्दछु उहाँले कहिल्यै मलाई एक्लै छोड्नु हुँदैन। र उहाँको आज्ञाकारीताले आदमको अनाज्ञाकारीतालाई उल्टाएको छ अहिले मेरो जीवनमा आदमको अनाज्ञाकारीताले काम गरिरहेको छ। अब म ख्रीष्टलाई ग्रहण गरेपछि त्यो सबै अनाज्ञाकारीता छोडी म आज्ञाकारितातिर लागेको छु। म मृत्यू माथि विजयी भएको छ। ममा नया जीवनले प्रवेश गरेको छ।

मेरो भनाई यहि को कि परमेश्वरमा आज्ञाकारीताले हाम्रो परमेश्वरसँगको असल सम्बन्ध र धार्मिकतातिर डोऱ्याउँदछ। ख्रीष्टको आज्ञाकारिता मेरो निम्ति पहिलो धार्मिकता र नयाँ जीवनको सुरुवात हो। ख्रीष्टलाई विश्वास गर्नेलाई एउटा नियम छ त्यो ख्रीष्ट दोस्रो आदम जसले आज्ञाकारिताको विउ रोप्नुभयो जुन विउले मानिसलाई जीवनमा ल्याउछ।

**ख्रीष्टमा आज्ञाकारी बन्नेका चिन्हहरू**

आज्ञाकारीताको कुरा गर्दा, मानिसले एक्लै आफ्नो वलले गर्न सक्दैन पवित्र आत्माको सहायताद्वारा मात्र उसले यी कार्य गर्न सफल हुन्छ। येशू ख्रीष्टले पनि आफ्ना चेलाहरूसँग यसो भन्नु भयो "आफ्नो इच्छा पुरा गर्न म स्वर्गवाट ओर्लि आएको होइनँ तर मलाई पठाउनुहुनेको इच्छा पुरा गर्नलाई आएको हुँ।" (यूहन्न ६ :३८) त्यस्तै येशूले भन्नुभयो "हेर्नुहोस, तपाईंकै इच्छा पुरा गर्न म आएको छु, ...।"(हिब्रू १० :९) उहाँ यस संसारमा एउटा उद्देश्य लिएर आउनु भयो। उहाँ परमेश्वरको इच्छा पुरा गर्न मात्र लाग्नुभयो। उहाँलाई ठिक बनाउने एउटा अलौकिक शक्ति भनेको आज्ञाकारिता हो। उहाँ यो गर्न चाहानुहुन्थ्यो। यो उहाँले प्रतिज्ञा गर्नुभएको कुरा थियो। उहाँले भन्नुभयो, "किनभने जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्दछ त्यही नै मेरो भाई, र मेरी बहिनी र मेरी आमा हुन्।" (मत्ती १२ :५०)

पारिवारिक कुरा गर्दा येशूमा आज्ञाकारी वन्नेहरू साँच्चै नै एउटै परिवारका हुन्। हामी सबै एउटै मनको भएर ख्रीष्टको इच्छालाई पुरा गर्ने कोशिस गर्नु पर्छ।

**खीष्टमा आज्ञाकारी हुनु आनन्द र खुसी हो-** भजन लेखकले यसरी भन्दछन् "हे परमेश्वर, तपाईंको इच्छा वमोजिम गर्न म चाहान्छु, तपाईंको व्यवस्था मेरो हृदयभित्र छ ।"(भजन संग्रह ४० :८) "येशूले तिनीहरूलाई भन्नु भयो "मलाई पठाउनु हुनेको इच्छा अनुसार गर्नु र उहाँको काम पुरा गर्नु नै मेरो भोजन हो ।" (यूहन्ना ४ :३४) हाम्रो खाना भनेको हाम्रो शरीरलाई शक्तिशाली बनाउनु हो । स्वस्थ मानिसले आफ्नो भोजन खानमा खुसी रहन्छ यो शरीरको निम्ति अति नै आवश्यक तत्व हो । त्यसैले खीष्टले भन्नुभयो कि परमेश्वरको इच्छा पुरा गर्नु नै मेरो खुसी हो र यो मेरो शरीरको निम्ति भोजन हो । त्यसैले मात्र म सन्तुष्टी हुन्छ । यसले उहाँलाई सधै नया र ताजा बनाइ रहयो । त्यसकारण खीष्टको आज्ञापालन गर्नु हाम्रो निम्ति खुसी र आनन्द हो भन्ने याद हुनुपर्छ ।

**खीष्टमा आज्ञाकारिताले परमेश्वरको इच्छालाई पर्खन सहायता गर्छ :** परमेश्वरले सबै कुरा एकैचोटि खीष्टमा पनि प्रकट गर्नु भएन । उहाँले दिनदिनै परिस्थिति हेरेर घण्टा घण्टामा राखिदिनु भयो । उहाँको आज्ञाकारितामा धेरै विकास र वढुवा थियो । उहाँलाई सबैभन्दा दुःखको कुरा के थियो भन्दा अब पिताले के आज्ञा गर्नुहुन्छ भन्ने थियो । त्यसैले उहाँले भन्नुभयो"वलिदान र भेटी तपाईले चाहानु भएन र तर मेरा कानहरू तपाईले खोलि दिनुभएको छ। होम बलि र पाप बलिको भग तपाईले गर्नु भएन । हे मेरा परमेश्वर तपाईंको इच्छा बमोजिम गर्न म चाहान्छु ...।" (भजन संग्ह ४०:६,८) यस्तो प्रकारको आज्ञाकारिताले हाम्रो जीवनमा धयै उत्पन्न गराउँछ परमेश्वरबाट कानहरू खोलिओस् ताकि हामीले दिएको शिक्षालाई उनिहरू ग्रहण गर्न सकून - जून चाहिँ अलौकिक शक्तिद्वारा प्राप्त गर्न सकिछ पवित्र आत्माले यो सबै गर्न सहायता गर्नु भएको होस् ।

**आज्ञाकारी बन्दा मृत्यु पनि सहन सक्नुपर्छ :** येशूले भन्नुभयो, "म मेरो इच्छा पुरा गर्न आएको होइन तर जसले मलाई पठाउनु भयो उहाँको इच्छा पुरा गर्न आएको हुँ ।" खीष्ट आफ्नो इच्छालाई त्यागेर पिताले जे आज्ञा गर्नुहुन्छ त्यही गर्नलाई तयार हुनुभयो । यसको अर्थ मेरो इच्छामा होइन कि सबै उहाँको इच्छामा हुन सकोस् । यो प्रकारको आज्ञाकारितामा उहाँले हामीलाई बोलाउनु भएको छ के हामी हाम्रो जीवनमा खीष्टको इच्छा पुरा गर्नको निम्ति हाम्रो शरीरलाई मार्न पनि तयार छौ त ? विचार गरौ कहिले काहि यस्तो परिस्थिति नआउला भन्न सकिँदैन । के सबै खीष्टलाई विश्वास गर्नेले यो गर्न मेरो निम्ति खुसी र आनन्दको कुरा हो भन्न सक्छौ त ? विचार गरौं !

**खीष्टमा आज्ञाकारिताले भित्रदेखी नम्रता ल्याउँदछ-** फिलिप्पीको पुस्तकले यसरी भन्दछ, "तिमीहरूमा यस्तो मन होस् जो खीष्ट येशूमा पनि थियो । परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नु भएन । तर आफैलाई रित्याइकन कमराको रूपधारण गरेर तथा मनुष्य भएर जन्मनुभयो । स्वरूपमा मानिस जस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्यूसम्मै अर्थात क्रूसको मृत्यूसम्मै आज्ञाकारी रहनु भयो ।" (फिलिप्पी २ : ५- ८)

जुन मानिस आफैलाई रित्ताएर दासको रूपमा रहनु भयो यसको अर्थ आज्ञाकारिताको दास बन्नु भयो नम्र हुन तयार रहनु भयो परमेश्वर र मानिसको अगाडि आफैलाई होच्याउनु भयो जसले गर्दा अहिले उहाँ स्वर्गीय राज्यमा अति नै सुन्दरतामा रहनु भएको छ र हामीलाई पनि त्यही ठाउँ साँचिराख्नु भएको छ। त्यो शक्ति आज हामीलाई पनि दिनुभएको छ । यदि परमेश्वरको आज्ञापालन गर्नलाई उहाँ यति वलियो नहुनुभएको भए हामीले यो मौका पाउने थिएनौं होला । हामी पनि नम्रतामा परमेश्वरको अगाडि अति नम्र वन्नु पर्छ र धार्मिकतामा प्रवेश गर्नुपर्छ । आशा नभएको व्यक्ति जस्तै नम्र हुनलाई तयार हुनुपर्छ ताकि परमेश्वर र मानिसको विचमा देखिएको यो नम्रतालाई परमेश्वरले कदर गर्नुहुन्छ । हाम्रा सबै अपराध वाट फर्केर उहाँमा समर्पित हुनु नै उहाँलाई महिमा दिनु र उहाँबाट आशिष पाउनु हो ।

**खीष्टमा आज्ञाकारिताले विश्वासयोग्य बनाउँदछ -** परमेश्वरको शक्तिमा भर पर्नुनै आज्ञाकारितामा विश्वास योग्य वनाउँदछ । "म आफै केही गर्न सक्दिन । जस्तो म सुन्छु, त्यस्तै न्याय म गर्छु, र मेरो न्याय ठिक ठहर्छ किनकि म आफ्नो इच्छा खोज्दिन तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु ।" (यूहन्ना ५ :३०) त्यस्तै येशूले भन्नुभयो, "म पितामा छु र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ ? जुन वाणी म तिमीहरूलाई भन्दछु त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइन तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ ।" ( यूहन्ना १४ :१०)

खीष्टको यो अचम्मको पिता प्रतिको समपर्णता पिताको शक्तिले उहाँमा काम गरेर मात्र भएको हो । त्यही शक्ति आज हामीसँग पनि छ । यदि हामीले हाम्रो इच्छा परमेश्वरको इच्छालाई दिनसिक्यौ भने, हामीले पनि हाम्रो जीवनमा खीष्टले पिता प्रति गर्नुभएको समर्पण जस्तो देख्न सक्छौ र परमेश्वरको इच्छाले हाम्रो जीवनमा काम गरेको पाउँदछौ ।

त्यसैले खीष्टमा आज्ञाकारी भएर विश्वास सहित अगाडि बढौ । कहिल्यै पनि पहिलाको जीवनतिर फर्केर होइन तथा असल जीवन जिएर अगाडि बढौ । उहाँको शक्तिलाई हाम्रो जीवनमा काम गर्न दिऔं र उहाँले हाम्रो विश्वासलाई बलियो बनाइदिनुहुन्छ हाम्रो अलौकिक जीवनमा आफ्नो शक्ति खन्याईदिनुहुन्छ । हाम्रा सबै परमेश्वरलाई महिमा दिने इच्छाहरू उहाँले पुरा गरिदिनुहुन्छ । परमेश्वरको अलौकिक शक्तिले हाम्रो जीवनमा काम गरेको अरूको अगाडि साक्षी बनौं । खीष्ट हामी भित्र सधैं वास गरिरहनु हुन्छ । हाम्रो जीवनबाट खीष्टलाई झल्काउनु यसैमा नै खीष्टमा हाम्रो आज्ञाकारिता पुरा हुन्छ र उहाँको महिमा भएको हुन्छ ।

# आफ्नी श्रीमतीसँग बसेर कसरी प्रार्थना गर्ने ?

## How To Pray With Your Wife ?

**By Donald D. Schaeffer**

Vol 70 No. (829)

हालसालै गरेको एउटा अध्ययनमा यस्तो पाइएको छ कि विवाहित जोडीहरू एक प्रतिशतले मात्र प्रार्थनामा अर्थपूर्ण समय बिताउँछन् । के थाहा यस्तै कुरा हाम्रो घरमा समस्या छ यस्तै हो भने हाम्रो परिवार तरुन्तै टुट्न सक्छ ।

पत्रुसले पनि यंसो भनेका छन् कि विवाह गर्नुको एउटा महत्वपूर्ण उद्देश्य सँगै बसेर प्रार्थना गर्नु हो - पति र पत्नी एकै मनको भएर प्रार्थना गर्नु - र यस्तो प्रार्थनामा अरू कसैले बाधा नपारोस् भन्ने चाहन्छन् (१ पत्रुस ३ : ७ हेर्नुहोस्)

प्रार्थनाको कमीले परिवारमा धेरै समस्याहरू आउन सक्छन् र ती समस्याहरूको केही उपायहरू यहाँ छन् ।

१) परिवारको आत्मिक अगुगा भएको कारणले श्रीमान्ले घरमा प्रार्थनाको लागि आफ्नो श्रीमतीलाई बोलाउनुपर्छ । तपाईंको श्रीमतीले तपाईंलाई बोलाउन नपरोस् ।

२) सँगै बसेर प्रार्थना गर्नु सुरु गर्नुहोस् । एउटा नयाँ इसाइले पनि यसो गर्दा हुन्छ अनि बाँकिहरले पनि । म भोलि देखि वा एकछिन पछि प्रार्थना गर्छु भनेर नरोकिनुहोस् ।

३) दिनदिनै प्रार्थनामा समय बिताउनुहोस् । जसरी तपाईंले दैनिकि भोजन खानु हुन्छ, त्यसरी नै प्रार्थना पनि तपाईंको घरको नियमित कार्य तालिका होस् । प्रार्थनामा कुनै पनि बाधा आइपर्न नदिनुहोस् ।

४) परिवारसँगै बसेर प्रार्थना गर्नु भनेको तपाईंको व्यक्तिगत प्रार्थना समयको वैकल्पिक होइन । तपाईंले परमेश्वरसँगको आफ्नो व्यक्तिगत समय पनि कायम गर्नुहोस् र साथ-साथै परिवारसँगै बसेर पनि प्रार्थना गर्नुहोस् । यसरी तपाईंहरूसँगै बसेर प्रार्थना गर्नु सुरु गर्नुभयो भने तपाईंले परमेश्वरसँग अझ बढी समय बिताउन सक्नुहुन्छ । तपाईंहरूको प्रार्थना अझै शक्तिशाली, गहिरो, प्रभावशाली र अर्थपूर्ण हुनेछ ।

५) प्रार्थना बस्नुहुँदा तपाईंहरू दुवै जनाले प्रार्थना गर्नुहोस् । शुरुमा एक अर्काको निम्ति प्रार्थना गर्नुहोस्, अनि अरूको लागि वा आफ्ना आवश्यकताको लागि प्रार्थना गर्नुहोस् । फेरि नयाँ विषयको लागि प्रार्थना गर्दा एकले अर्कालाई पर्खदै प्रार्थना गर्नुहोस् । यस्तो गर्दा तपाईंलाई थकाइ पर्नालाग्दैन र अल्छी पनि लाग्दैन ।

६) सरल किसिमले प्रार्थना गर्नुहोस् । दैनिकि जीवनको समस्या र आवश्यकताको बारेमा प्रार्थना गर्नुहोस् । घरका कुराहरूको निम्ति वा कार्यलयका कुराहरूको निम्ति वा आफ्ना छोराछोरीको निम्ति प्रार्थना गर्नुहोस् । तपाईंहरूले परिवारमा लिनुपर्ने विभिन्न निर्णयहरूको बारेमा प्रार्थना गर्नुहोस् । आफ्ना छोराछोरीको निम्ति प्रार्थना गर्नुहोस् । (अय्यूब १ :५) तपाईंहरूले पाउनुभएका हरेक वरदान र आशिषहरूको निम्ति परमेश्वरलाई धन्यवादको प्रार्थना चढाउनुहोस् ।

७) प्रार्थना गर्दा प्रचार गर्नुहोस् । आफ्नो श्रीमतीलाई भन्न नसकेका कुराहरू प्रार्थनाद्वारा नभन्नुहोस् । तपाईं शायद आफ्नो श्रीमतीको अगाडि भन्न डर वा लाज मान्नुहोला तरै पनि ति कुराहरू प्रार्थना गर्दा नभन्नुहोस् । उदाहरणको लागि "प्रभु मेरो श्रीमतीलाई बुद्धि दिनुहोस् । यसलाई गल्ती नगर्ने समज दिनुहोस्" यस्तो किसिमको प्रार्थना नगर्नुहोस् ।

८) प्रार्थना गर्न अगाडि मिलापको वातावरण सृजना गर्नुहोस् । यति तपाईंहरू (श्रीमान र श्रीमती) बीच केही असमझदारी वा मनमुटावहरू छन् भने पहिला एक अर्कासँग क्षमा माग्नुहोस् । एक अर्काको कुरा सुनेर बुझ्नुहोस् । अनि प्रभुसँग पनि क्षमता माग्नुहोस् । क्रोध र विवाद भरिएको मनले गरेको प्रार्थना अर्थहीन हुन्छ ।

९) तपाईंले आशिष पाउनु भएको वचनको खण्डहरू पढ्नुहोस् । परमेश्वरको वचन जसमा रहन्छ उसले आफ्ना प्रार्थनाका उत्तरहरू पाउने छन् । परमेश्वरसँग बिताउनु भएको व्यक्तिगत समयमा पाउनु भएका आशिषहरूको बारेमा एक अर्कालाई बताउनुहोस् । यो आशिष तपाईंहरूको लागि प्रेरणा बन्न सक्छ ।

१०) प्रार्थना गर्ने निश्चित समय वा ठाउँ नतोक्नुहोस् । हुन त कतिपय समयमा श्रीमान र श्रीमतीसँगै बसेर प्रार्थना गर्छन् जस्तो कि खाना खाँदा वा सुत्ने बेलामा । तर जब समस्या आउँछ तब परिवारमा प्रार्थना खाँचो हुन्छ । यदि तपाईंको श्रीमती निराश हुनुहुन्छ वा मनमा चिन्तित हुनुहुन्छ भने उहाँको निम्ति प्रार्थना गर्नुहोस् । प्रार्थना गर्नलाई कुनै समय वा स्थान तोक्नु पर्दैन । तपाईंले गाडीमा बस्दा वा फोनमा पनि एक अर्काको निम्ति प्रार्थन ागर्न सक्नुहुन्छ । जहाँ तपाईंले शान्त बातावरण पाउनुहुन्छ त्यहाँ बसेर प्रार्थना गर्नुहोस् ।

येशूले मत्ती १८:१९- २० मा यसरी भन्नुभएको छ, "फेरि म तिमीहरूलाई भन्दछु पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भइ केही माग्यो भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूको निम्ति हुनेछ, किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु ।" यहाँ खीष्टले श्रीमान् र श्रीमती भनेर तोक्नुभएको त छैन तर हामीले यो पदलाई त्यसरी नि बुझ्न सक्छौं ।

सँगै बसेर प्रार्थना गर्नु कति असल कुरा हो ! सँगै बसेर गरेको प्रार्थनामा धेरै शक्ति हुन्छ ! "एक जनालाई कसैले जित्ला, तर दुई जनाले त आफ्ना सुरक्षा गर्न सक्छन् । तीन सूतले बाटेको डोरी चाँडै चुँडिदैन"(उपदेशक ४: १२) तसर्थ, यदि श्रीमान् र श्रीमती सँगै मिलेर प्रार्थना गरे भने त्यस प्रार्थनामा धेरै शक्ति हुन्छ ।

# हार्दिक शुभकामना

पुनरुत्थान (इस्टर) महोत्सवका साथै नव वर्ष वि.सं. २०७६ को सुखद अवसरमा

सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली

परिवारमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना

व्यक्त गर्दै सबैमा प्रेम, विश्वास र एकताका लागि

परमेश्वरसँग प्रार्थना गर्दछौँ ।

## नेपाल ख्रीष्टियन हेराल्ड परिवार

| | |
|---|---|
| प्रेरणा मण्डली परिवार | जी. एन. माउन्टेन गियर परिवार |
| ग्रेस एकेडेमिक कन्सल्टेन्सी परिवार | समर्पण आमा-दिदीबहिनी प्रार्थना सङ्गति |
| पिप्ले मण्डली परिषद्, चितवन परिवार | ACTS नेपाल परिवार |

हाम्रो मण्डलीका सक्रिय सदस्य प्रिय भाइ **महेन्द्र दर्नाल** र बहिनी **लंका लकान्द्री**को वैवाहिक जीवन आशिषमय होस् भनी परमेश्वरसँग प्रार्थनासहित शुभकामना !

**पा. माधव पौडेल**
तथा
**प्रेरणा मण्डली परिवार**

कदमपुर मण्डलीका सक्रिय सदस्य प्रिय भाइ **दिनेश** र बहिनी **पूजा**को वैवाहिक जीवन आशिषमय होस् भनी परमेश्वरसँग प्रार्थनासहित शुभकामना !

**पा. माधव पौडेल**
तथा
**कदमपुर मण्डली परिवार**


## प्रार्थना गरौं

- राष्ट्रिय ख्रीष्टियन महासंघ सबै ख्रीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका ख्रीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकेका हुन् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)


### विशेष धन्यवाद

पा. माधव पौडेल, एल्डर रामचन्द्र पौडेल, रुबी पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

### स्थानीय वितरक

नवीन/सरला ढुङ्गाना तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, जनक कँडेल तथा आशिष / एस्टर कुमाल, टोकियो, जापान, विदुर परियार, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, सुमन शाक्य, बिरु गुरुङ तथा केदार तामाङ, मलेसिया, पावल राई, कतार, सी.पी. लोप्चन, काठमाडौँ, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौँ ।

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 2090221, 4382442**

**Published by: Gospel Revival Inc.** **(all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**